फोन ०६८-५२०१३१/५२०२३१/
५२०३०९
फ्याक्स ०६८-५२०१३१
इमेल : baglungmun@gmail.com

# बागलुङ नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# शिक्षा युवा तथा खेलकुद शाखा
# बागलुङ

गण्डकी प्रदेश नेपाल

---

प.सं. :०७५/०७६

च.न. १३६

मिति :२०७६।०३।१५

**श्री यो जो जससंग सम्वन्धित छ ।**

**विषय : म्याद थप गरिएको सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस वागलुङ नगरपालिका अन्तर्गतका विद्यालयहरुमा करार शिक्षक नियुक्ति गर्ने प्रयोजनको लागि मिति २०७६।०२।१२ गते ३५ दिने म्याद राखी सूचना गरिएकोमा सो सूचनाको म्याद १५ दिन थप गर्ने निर्णय भएकोले उक्त सूचनाको म्याद २०७६ असार मसान्त सम्म थप गरिएको व्यहोरा सम्वन्धित सवैमा जानकारीकोको लागि अनुरोध छ ।

डण्डपाणी शर्मा

(उपसचिव)

# बागलुङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बागलुङ

☎ ०६८-५२०१३१/५२०२३१/
५२०३०९
फ्याक्स ०६८-५२०१३१
इमेल : baglungmun@gmail.com
गण्डकी प्रदेश, नेपाल


प.सं. :०७५।०७६
च.न.

मिति :२०७६।०२।१२

## सूचना

प्रस्तुत विषयमा यस बागलुङ नगरपालिका नगर शिक्षा समितिको मिति २०७६।०१।२७ गतेको निर्णयानुसार बागलुङ नगरपालिका अन्तर्गतका विद्यालयहरुमा करार शिक्षक नियुक्ति प्रयोजनको लागि विषय विज्ञहरुको सूची तयार गर्नुपर्ने भएकोले तपसिलमा उल्लेख गरिए वमोजिम योग्यता पुगेका इच्छुक विद्यालय वा क्याम्पसमा कार्यरत ३ वर्ष शिक्षण अनुभव भएका स्थायी शिक्षक/विश्व विद्यालयहरुमा प्राध्यापन कार्यमा संलग्न व्यक्तिहरु वा सेवा निवृत्त शिक्षक /प्राध्यापकहरुले मिति २०७६ असार १५ मसान्त सम्म आफु विज्ञ हुन चाहेको तह र विषयको शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम अनुसारको ३/३ सेट विषयगत र वस्तुगत प्रश्नपत्र निर्माण गरी विधुतीय कपी सहित बागलुङ नगरकार्यपालिकाको कार्यालय , शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन दिनुहुन अनुरोध छ ।

तपसिल

| क्र.स. | तह | बिषय | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | आधारभुत १-५ | - | वी.एड |
| २ | आधारभुत (६-८) | अंग्रेजी, गणित, नेपाली, विज्ञान, सामाजिक | विज्ञ हुन चाहेको विषयमा कम्तीमा वी.एड उत्तीर्ण |
| ३ | माध्यमिक (९-१२) | अंग्रेजी, गणित, नेपाली, सामाजिक शिक्षा, र लेखा | विज्ञ हुन चाहेको विषयमा एम.एड उत्तीर्ण |

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

- शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी १/१
- नागरिकता, अध्यापन अनुमति पत्रको प्रतिलिपी १/१
- नियुक्ति पत्रको प्रतिलिपी
- शिक्षण/प्राध्यापनको अनुभव खुलेको प्रमाण

पुनश्च :

- ➢ विश्व विद्यालयमा प्राध्यापन कार्यमा संलग्नहरुको लागि ५ वर्षको शिक्षण अनुभव भएका व्यक्तिहरुलाई स्थायी नभएता पनि निवेदन दिन सक्ने ।
- ➢ माध्यमिक तह विज्ञान विषयको हकमा सम्वन्धित विषयमा स्नातक तह उत्तीर्ण माध्यमिक तहका स्थायी शिक्षकहरुले निवेदन दिन सक्ने ।
- ➢ कम्प्युटर विज्ञान, इन्जिनियरिङ, कृषि पशु विज्ञान विषयको लागि सम्वन्धित विषयमा स्नातक तह उत्तीर्ण व्यक्ति उम्मेदवार हुन सक्ने ,
- ➢ माााथल्लो तहको विज्ञको लागि निवेदन पेश गरेका व्यक्तिहरुले तल्लो तहमा समेत सूचीकृत हुन चाहेमा माथि उल्लेख गरिए वमोजिम सम्वन्धित तहको प्रश्न पत्र समेत पेश गर्ने

२०७६।२।१२

डण्डपाणी शर्मा
उप सचिव